# <u>अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७७</u>

मा. मन्त्रीस्तरबाट मिति २०७७/०६/१३ मा स्वीकृत

**<u>प्रस्तावना</u>**: मन्त्रालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएको सि. वि. आर. कार्यक्रम व्यवस्थापन र सञ्चायलन गर्नका लागि मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "डिभिजन कार्यालय" भन्नाले प्रदेश सरकार मातहत जिल्लामा रहेका सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको स्थानीय तहलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "संस्था" भन्नाले दफा १० बमोजिम छनौट भएको सि.वि.आर. संस्था सम्झनु पर्छ ।

(ङ) "समुदायमा आधारित पुनर्स्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य, शिक्षा, तालिम, रोजगार, आयआर्जन, व्यवसाय जस्ता आधारभूत सेवामा पहुँचको व्यवस्था गर्दै आफ्नै समुदाय र परिवारमा राखी आत्मनिर्भर तुल्याउने र उनीहरुको सामाजिक सहभागितालाई अभिवृद्धि गरी सशक्तीकरण समेत गर्दै लैजाने एकीकृत र शृखंलाबद्ध कार्यलाई सम्झनु पर्छ ।

(च) "सि. बि. आर. कार्यक्रम " भन्नाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (Community Based Rehabilitation-CBR) सम्झनु पर्छ ।

३. **<u>उद्देश्य</u>**: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने।

(ख) अपाङ्गता भएका नागरीकहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बढाउने ।

(ग) अपाङ्गता हुन नदिन समयमा नै पहिचान , रोकथाम, न्यूनीकरण र अपाङ्गता भएकाहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्ने ।

(घ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा , स्वास्थ्य, शिक्षा, तालिम, नेतृत्व विकास, सीपमूलक तालिम, लघुऋण, सहायक सामग्री आदी उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तीकरण गरी मूलप्रवाहमा ल्याउने र अन्य नागरिक सरह सक्षम र स्वावलम्बी बनाउने।

४. **निर्देशक समितिको गठनः** (१) सि.बि.आर. कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न, नीति निर्देशन प्रदान गर्न देहाय बमोजिमको एक प्रदेशस्तरीय निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | संयोजक |
| (ख) योजना महाशाखा प्रमख, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ग) योजना महाशाखा प्रमख, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (घ) योजना महाशाखा प्रमख, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) योजना महाशाखा प्रमख, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (च) योजना महाशाखा प्रमख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (छ) योजना महाशाखा प्रमख, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ज) सि. बि. आर. सम्बन्धी काम गर्ने संस्थाबाट मन्त्रालयले तोकेको प्रतिनिधि १ जना | सदस्य |
| (झ) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा हेर्ने, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ को उपदफा (१) को खण्ड ट र खण्ड ठ बमोजिम मनोनित सदस्यहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ४ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सम्बन्धी योजना तर्जूमा र नीतिगत मार्ग निर्देशन गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन गर्ने विधि तथा संयन्त्र निर्धारण गर्ने ।

(ग) संचालित कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था बीच समन्वय एवं सहयोगको आदान प्रदान गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्ति विकास सम्वन्धी कार्य गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनका लागि जिल्ला समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(छ) कार्यक्रम कार्यान्वयनको प्रक्रिया एवं कार्यविधि निर्धारण तथा नीतिगत निर्णयहरु गर्ने ।

(ज) गैर सरकारी संस्थाहरुबाट सञ्चालित अपाङ्गता क्षेत्रका कार्यक्रमहरुलाई सरकारको नीतिगत प्राथमिकता क्षेत्रमा ल्याई सि.वि.आर को दायरामा आवद्ध गर्ने।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकार मध्ये समितिले केही अधिकार सदस्य सचिव र जिल्ला सि बि आर समन्वय तथा अनुगमन समितिलाई पनि प्रत्यायोजन गर्न सक्नेछ।

६. **जिल्ला सि. बि. आर. समन्वय तथा अनुगमन समितिको गठनः** (१) यस प्रदेशभित्रका प्रत्येक जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको लागि तपसिल बमोजिमको जिल्ला समन्वय तथा अनुगमन समिति रहनेछ ।

(क) प्रमुख, जिल्ला समन्वय समिति संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सदस्य

(ग) प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालय सदस्य

(घ) प्रतिनिधि, स्वास्थ्य कार्यालय सदस्य

(ङ) अपाङ्गता शाखा हेर्ने कर्मचारी, जिल्ला सदरमुकाम रहेको स्थानीय तह सदस्य

(च) जिल्ला /स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था प्रतिनिधि मध्येबाट राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला शाखाले सिफारिस गरेको कम्तीमा १ जना महिला सहित २ जना प्रतिनिधि सदस्य

(छ) सि.बि.आर. कार्यक्रम कार्यान्वयन गर्न तोकिएका संस्थाका सदस्य समन्वयकर्ता प्रतिनिधि १ जना सदस्य

(ज) प्रमुख, डिभिजन कार्यालय सदस्य-सचिव

(२) खण्ड (च) बमोजिम सिफारिस भई आएका प्रतिनिधिलाई संयोजकले मनोनयन गर्नेछन् । मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(३) समितिले बैठकमा बढीमा २ जनासम्म विज्ञ प्रतिनिधि आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

७. **जिल्ला सि. बि. आर. समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** जिल्ला सि.बि.आर. समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित जिल्लामा सि.बि.आर. संचालन गर्ने उपर्युक्त गैर सरकारी (स्वाबलम्बी , पुनर्स्थापना वा बिकास सम्बन्धी) संस्था छनौट गर्ने ।

(ख) पुनर्स्थापना सम्वन्धमा प्रदेशबाट निर्धारित नीति, नियम र कार्यविधिको अधिनमा रही जिल्ला स्थित कार्यान्वयन गर्न तोकिएको संस्था मार्फत स्थानीय तह र समुदाय परिचालन गरी कार्यक्रम कार्यान्वयन गराउने ।

(ग) कार्यक्रम संचालन वा विस्तार गर्न स्थानीय तह र वडा छनौटको मापदण्ड र आधारहरु तोक्ने ।

(घ) सि.बि.आर. कार्यक्रमको प्रभावकारिता र निरन्तर ताका लागि श्रोत परिचालन तथा योजना तयार गर्ने ।

(ङ) स्थानीय स्तरमा तयार भएको संचालन योजना कार्यक्रम स्वीकृत गरी प्रदेशस्तरीय निर्देशक समितिमा जानकारी गराउने ।

(च) कार्यक्रम कार्यान्वयनका लागि तोकिएको गै र सरकारी संस्था लाई नियमित सल्लाह सुझाव तथा निर्देशन दिने ।

(छ) संचालित कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा समीक्षा गर्ने र वार्षिक प्रतिवेदन तयार गरी प्रदेशस्तरीय निर्देशक समितिमा पठाउने ।

(ज) प्रदेशस्तरीय निर्देशक समितिले दिएको सि.वि.आर. सम्वन्धी निर्देशनहरुको कार्यान्वयन गर्ने र गराउने।

(झ) सरकारी वा गैर सरकारी संघ संस्था एवं अन्य निकायसँग अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना निमित्त साझेदारीमा काम गर्न प्रचलित कानूनको परिधिभित्र रही सम्झौता गर्ने वा ती निकायलाई सम्झौता गर्न निर्देशन दिने र त्यसको जानकारी प्रदेशस्तरीय निर्देशक समितिमा पठाउने ।

८. **स्थानीय तह सि.बि.आर. समन्वय तथा व्यवस्थापन समितिको गठनः** (१) यस प्रदेशका प्रत्येक स्थानीय तहले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको कार्यान्वयन , समन्वय, व्यवस्थापन एवं अनुगमनको लागि उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा स्थानीय तह सि.बि.आर.समन्वय तथा व्यवस्थापन समिति को गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिका काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।

९. **कार्यक्रम सञ्चालनः** कार्यालयले सि.वि.आर. कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित जिल्ला भित्रका अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्नेछ । यसरी सञ्चालन गरीने कार्यक्रमको कार्य क्षेत्र सम्बन्धित जिल्लाभर हुनेछ ।

१०. **संस्था छनौटका प्रक्रिया र मापदण्डहरुः** (१) संस्था छनौट गर्दा निम्न प्रक्रिया र मापदण्ड अवलम्बन गर्नुपर्नेछ।

(क) संस्था छनौट गर्दा कम्तीमा ३० दिनको दरखास्त दिने म्याद राखि प्रस्तावना पेशका लागि सार्वजनिक सूचना आव्हान गर्नुपर्नेछ।

(ख) जिल्ला स्तरको सि.बि.आर. संस्थाको लागि जिल्लामा एक सि.बि.आर. संस्थाको छनौट हुनेछ ।

(ग) सूचना आव्हान गर्दा अनुसूची-१ बमोजिमका संस्था छनौटका आधार र दरखास्तसँगै पेश गर्नुपर्ने कागजातका बारेमा उल्लेख गर्नुपर्नेछ।

(घ) खण्ड (ग) बमोजिम प्राप्त प्रस्तावना मध्ये सि.बि.आर.अनुगमन तथा समन्वय समितिले प्रचलित कानून बमोजिम संस्था छनौट गर्नुपर्नेछ र संस्था छनौटका लागि आवश्यक्तानुसार समितिकै सदस्य मध्येबाट मूल्याङ्कन तथा सिफारिस समिति समेत गठन गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि छनौट भएको संस्थाको काम सन्तोषजनक भएमा र स्वीकृत वार्षिक कार्यक्रम र बजेट विनियोजन भई आएमा ३ वर्षसम्म सोही संस्था सँग प्रत्येक आ .व. मा पुन संझौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

११. <u>संस्थाले संचालन गर्ने मुख्य मुख्य क्रियाकलापः</u> दफा १० बमोजिम छनौट भएका संस्थाले संचालन गर्ने क्रियाकलापहरु देहायबमोजिम हुनेछन् ।

(क) अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सेवा सुविधा, अवसर उपलब्ध गराउने बारे परामर्श दिने, जानकारी दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने ।

(ख) स्थानीय तहमा सि.बि.आर. सम्बन्धी तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवकसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने ।

(ग) स्थानीय अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण, सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।

(घ) अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेंवा, परामर्श, पूर्व तयारी कक्षा संचालन , समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्यपोचार सेवा , स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने ।

(ङ) अपाङ्गता भएका व्यक्ति , परिवार , स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध , न्यूनीकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम , कार्यक्रम, गोष्ठी, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने ।

(च) अनुगमन समितिले दिएको पृष्ठपोषणमा रही कार्यक्रमको नियमित संचालन गर्ने र प्रगति विवरण चौमासिक रुपमा सम्बन्धित डिभिजन कार्यालयमा पठाउने ।

१२. **<u>बजेट खर्च गर्ने सम्बन्धी विधिः</u>** डिभिजन कार्यालय र समुदायमा आधारित पुन स्थापना कार्य संचालन गर्ने संस्थाले समुदायमा आधारित पुन स्थापना कार्यक्रम संचालन गर्दा र प्रशासनिक खर्च गर्दा अनुसूची २ मा उल्लेखित खर्च अनुपात बमोजिम गर्नुपर्नेछ ।

१३. **<u>रकम भुक्तानी प्रक्रिया:</u>** कार्यक्रम सञ्चालन गर्ने संस्थालाई रकम भुक्तानी गर्दा देहाय बमोजिम ३ किस्तामा उपलब्ध गराईने छ ।

(क) पहिलो किस्ता वापत ३० प्रतिशत रकम सम्झौता भएपश्चात,

(ख) दोस्रो किस्ता वापत ४० प्रतिशत रकम पहिलो किस्ताको खर्च र कार्य प्रगतिको विवरणको आधारमा,

(ग) अन्तिम किस्ता वापत ३० प्रतिशत रकम कार्य सम्पन्न प्रतिवेदनको आधारमा।

१४. **<u>लेखा र लेखापरीक्षण:</u>** मन्त्रालयबाट प्राप्त भएको अनुदान रकम को खर्चको लेखा संस्थाले प्रचलित कानून वमोजिम राख्नुपर्नेछ। संस्थाले प्रचलित कानून बमोजिम आय व्ययको लेखापरीक्षण गराई आ.व. समाप्त भएको तीन महिनाभित्र कार्यालय र मन्त्रालयमा लेखापरीक्षण प्रतिवेदन बुझाउनुपर्नेछ।

१५. **<u>अनुदान रकम उपलव्ध नगराईनेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका संस्थाहरूलाई अनुदान रकम उपलव्ध गराईने छैनः–

(क) यस अघि लिएको अनुदानको हिसाव पेश नगरेको ।
(ख) अनुगमनबाट कार्यक्रम सन्तोषजनक रूपले सञ्चालन गरेको नदेखिएको ।
(ग) खर्च र प्रगति विवरण उपलब्ध नगराएमा।
(घ) कार्यालयले तोकेको समयमा सम्झौता गर्न नआएमा।

१६. **<u>अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः</u>** अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछः–

(क) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्ने,
(ख) वित्तीय तथा भौतिक प्रगति विवरण प्रत्येक चौमासिकको सकिएको १५ दिनभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने,
(ग) प्राप्त अनुदानको रकम उपयोग गर्न नसकेमा बाँकी किस्ता पनि निकासा दिन कार्यालय बाध्य नहुने,
(घ) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षण गरी सोको एक प्रति र त्यसउपर संस्थाको प्रतिक्रिया सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा समेत पेश गर्नुपर्ने।

१७. **<u>विविधः</u>** (१) मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खरिद गर्नु पर्नेछ , साथै गोष्ठी, सेमिनार, तालिम, दैनिक भ्रमण खर्च आदिको सम्बन्धमा विद्यमान ऐन, कानूनले तोके बमोजिम गर्नुपर्नेछ ।

(२) मन्त्रालय/ कार्यालय अन्तर्गतका कर्मचारीले अनुदान प्राप्त गर्ने संस्थाका कार्यक्रममा भाग लिन जादा विज्ञको हैसियतमा वाहेक संस्थाबाट कुनै आर्थिक सुविधा लिनु हुँदैन । तर त्यस्ता कार्यक्रममा भाग लिन भने बाधा पर्ने छैन ।

१८. **<u>बाधा अड्काउ फुकाउ</u>:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यविधिको मूल आशयमा प्रतिकूल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

## संस्था छनौटका लागि मूल्याङ्कन गर्ने आधारहरु

दफा १० (ग) सँग सम्बन्धित

१. <u>मूल्याङ्कनका आधारहरुः</u>

(क) अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको विगतमा सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव – अंक २०

- १ वर्ष भन्दा कम – अंक १०
- १ वर्ष देखि ३ वर्ष सम्म - अंक १५
- ३ वर्ष भन्दा माथि – अंक २०

(ख) संस्थामा कार्यरत तलबी कर्मचारीको संख्याः अंक १०

- १ देखि ४ जना, - अंक ८
- ५ वा सो भन्दा माथि - अंक १०

(ग) भौतिक पूर्वाधारको अवस्था- अंक १०

- आफ्नै भवनमा कार्यालय रहेको - अंक १०
- भाडामा कार्यालय रहेको - अंक ७

(घ) संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली – अंक ५

(ङ) स्थानीय तहले निर्धारण गरेका अन्य आधारहरु- अंक ५

२. <u>संस्था छनौट प्रक्रियामा दरखास्तसंगै अनिवार्य बुझाउनुपर्ने कागजपत्र तथा दस्तावेजहरुः</u>

(क) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,
(ख) संस्था दर्ता नवीकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,
(ग) गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन र संस्थाको पछिल्लो साधारण सभाको उपस्थिति र निर्णय प्रतिलिपी,
(घ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्साउने कागजात।
(ङ) कार्यरत जनशक्ति सि.वि.आर. सहजकर्ताको विवरण खुल्ने कागजात सहित।

अनुसूची -२

**बजेट खर्च गर्ने सम्बन्धी विधिः**

दफा १२ सँग सम्बन्धित

| सि नं | विवरण | अनुपातमा आधारित खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| **१. प्रशासनिक खर्च (कुल बनियोजित बजेटको अनुपात)** | | | |
| क. | सामाजिक विकास डिभिजन कार्यालयले एक आ.व. मा कम्तीमा १ पटक कार्यक्रम संचालन गरी कार्यक्रम सम्पन्न प्रतिवेदन जिल्ला समन्वय तथा अनुगमन समितिमा पेश गर्ने कार्यका लागि। | ४ प्रतिशत | |
| ख. | संस्थाले जनशक्ति विकासको लागि गर्ने खर्च। | ६ प्रतिशत | |
| ग. | स्टेशनरी र प्रतिवेदन लेखनका लागि बढीमा गर्न सक्ने खर्च । | ३ प्रतिशत | |
| घ. | संस्थाले प्रदेश वा जिल्ला स्तरमा समीक्षा , गोष्ठी तथा सेमिनारमा सहभागिता जनाउँदा लाग्ने खर्च बढीमा । | २ प्रतिशत | |
| ङ. | सामाजिक विकास डिभिजन कार्यालय मार्फत जिल्ला सी.बी.आर. समन्वय तथा अनुगमन समितिको बैठक खर्च बढीमा । | १० प्रतिशत | |
| | जम्मा | २५ प्रतिशत | |
| **२. कार्यक्रम सम्बन्धि खर्च (कुल बनियोजित बजेटको अनुपात)** | | | |
| क. | सी.बि.आर. संस्थाले आयमुलक तथा सीपमुलक तालिम प्राप्त गरेका, सशक्तरुपमा काम गर्न सक्ने , पेशा व्यवसाय गर्ने इच्छुक अपाङ्गता भएका व्यक्तिहरुको काम गर्न सक्छन् भनी विश्वस्त भएमा जिल्ला समन्वय तथा अनुगमन समितिको सिफारिस लिई न्यून आयस्तर र प्राथमिकताका आधारमा प्रति व्यक्ति पेशा व्यवसाय हेरी बढीमा १० हजारसम्म अनुदानका रुपमा उपलब्ध गराउन सक्ने रकम (उक्त रकम दुरुपयोग भएमा सो व्यक्तिलाई अन्य सेवा सुविधाबाट बन्चित गरीनेछ। सी.बि.आर. संस्थाले बीउपूँजी लैजाने व्यक्तिको नाम सहितको रेकर्ड राखी प्रगति लिई सामाजिक विकास डिभिजन कार्यालयमा बुझाउनु पर्नेछ र प्रत्येक वर्ष समीक्षा कार्यक्रममा समेत प्रगति विवरण पेश गर्नुपर्नेछ । यस भन्दा | २० प्रतिशत | |

| | | | |
|---|---|---|---|
| | अगाडी अन्य निकायबाट प्राप्त भएको रकमबाट कोषमा रहेको रकम पनि यसैगरी परिचालन गर्न सकिनेछ तर एउटै व्यक्तिलाई पटक पटक तथा अपाङ्गता नभएका व्यक्तिलाई रकम उपलब्ध गराउन पाइने छैन ।) | | |
| | जम्मा | २० प्रतिशत | |
| **३.समुदायमा आधारित कार्यक्रम संचालन खर्च(कुल बनियोजित बजेटको अनुपात)** | | | |
| क. | सी.बि.आर. कार्यक्रमलाई प्रत्येक बर्ष स्थानीय तहमा विस्तार गरी अपाङ्गता भएका व्यक्तिहरुको संभाव्यता खोजीको लागि तथ्यांक अध्यावधिक गर्न बढीमा । | ५ प्रतिशत | |
| ख. | अपाङ्गता रोकथाम र हक अधिकारका विषयमा प्रचारप्रसार सामग्री उत्पादन, रेडियो एफ.एम. लगायतका माध्यमबाट प्रशारण गर्ने र जनचेतना सम्बन्धमा प्रचार प्रसारका कार्य गर्न । | ५ प्रतिशत | |
| ग. | विद्यालयको पहुँच बाहिर रहेका विद्यार्थीहरुलाई भर्ना अभियान , बाबुआमालाई सचेतना र सहज छात्रवृति लगायत जानकारी दिन तथा सामाजिक विकास डिभिजन कार्यालय र सम्बन्धित स्थानीय तहमा रहेको शिक्षा महाशाखा/शाखासँग समन्वय गरी शिक्षाको पहुँच वृद्धि गर्ने कार्यका लागि । | १० प्रतिशत | |
| घ. | अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामग्रीको पहिचान गर्ने ,जिल्ला वा प्रदेशमा प्राप्त सहायक सामग्रीको वितरण गर्ने तथा सहायक सामग्री उत्पादन र वितरण केन्द्र सम्मको समन्वय गर्ने र सामग्री ढुवानी कार्यका लागि । | ५ प्रतिशत | |
| ङ. | स्वास्थ्यको पहुँच नपुगेका अपाङ्गता भएका बालबालिका तथा ब्यक्तिहरुका लागि उपचारका लागि सहज जानकारी दिने, स्वास्थ्य निकायसँग निःशुल्क उपचारको लागि समन्वय सम्बन्धी (सामान्य साधन खरिद जस्तै थेर मेशिन र अन्य अफिस) कार्यका लागि । | ७ प्रतिशत | |
| च. | प्रत्येक जिल्लामा रहेका सार्वजनिक निकाय (प्रत्य क्ष जनताको सम्पर्क हुने सरकारी , गैरसरकारी तथा निजी क्षेत्र) को भौतिक | १८ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| | संरचनाको अपाङ्गमैत्री स्थितिको अध्ययन गरी प्रतिवेदन तयार गर्ने। सो प्रतिवेदन र अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक संरचना तथा संचार सेवामा पहुँच अभिवृद्धि गर्ने कार्यविधि , २०६९ का बारेमा सामाजिक विकास डिभिजन कार्यालयसँग समन्वय गरी प्रचारप्रसार गर्ने र जिल्लाका सरकारी तथा गैरसरकारी निकाय , पत्रकार, मानव अधिकारकर्मी र पेशागत संघ संगठन लगायतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गर्ने । साथै जिल्ला तथा स्थानीय तहमा नवनिर्मित तथा पुननिर्माण गरीने संरचनालाई अपाङ्गमैत्री बनाउन अभियान संचालन गर्ने कार्यका लागि । | | |
| छ. | जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुले लिने सार्वजनिक सेवामा सहजीकरण गर्न , दोभासे सेवा प्रदान गर्ने , अति विपन्न अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक निकाय सम्म पुर्याउन सार्वजनिक यातायातको खर्चका लागि बढीमा | ५ प्रतिशत | |
| | जम्मा | ५५ प्रतिशत | |
| | कुल जम्मा | १०० प्रतिशत | |

- माथि तालिकामा उल्लेख गरे बमोजिम समुदायमा आधारित कार्यक्रम संचालन सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ ।

  (क) सामाजिक विकास डिभिजन कार्यालयसँग समन्वय गरी जिल्लाका सरकारी, गैरसरकारी निकायका प्रतिनिधि जिल्लामा सी.बी.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले सी.बी.आर. कार्यक्रम गर्ने संस्था सम्पूर्ण पदाधिकारी/सामाजिक विकास महाशाखा/शाखा प्रमुख र त्यस जिल्लामा उपलब्ध भएका अपाङ्गता क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरुलाई राखी एक दिनको अपाङ्गता सम्बन्धी विषयमा नियम तथा भौतिक संरचना तथा संचार सेवामा पहुँच सम्बन्धी कार्यविधि लगायत विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्नेछ ।

  (ख) जिल्लामा सी.बि.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले सामाजिक विकास डिभिजन कार्यालयको समन्वयमा अपाङ्गता विषयमा प्रशिक्षकका लागि प्रशिक्षण लिएका स्थानीय श्रोत व्यक्ति हुनुपर्नेछ।